**आ.व. ०८१/८२ को नवौं बैठक**

आज मिति २०८१ साल चैत्र २० गते बुधबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिल कुमार सुनुवार | सदस्य | ९८५२६६०३५५ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री पुर्ण बहादुर तिवारी | सदस्य | ९८४२७६९३३१ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री रमेश खालिङ | सदस्य | ९८१६९०५०८८ | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९८८४८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री संगम पौडेल | सदस्य-सचिव | ९८५२६६०४६० | |

**अन्य**

शिव कुमार काम्बाङ, प्रशासन शाखा

धन बहादुर बुढाथोकी, का.स.

निर्णयहरुः

निर्णय नं.१

यस गाउँपालिका, गाउँकार्यपालिकाको अघिल्लो बैठकहरुको निर्णयहरुको कार्यान्वयनको स्थितिबारे प्र.प्र.अ. श्री संगम पौडेलबाट बैठकमा जानकारी भयो साथै कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरुलाई तत्काल कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-२

यस पाथीभरा याङवरक गाउँपालिकाकाको वडा नं.-१, नाङखोल्याङको कामीडाँडा क्षेत्रमा सामुदायिक स्वास्थ्य इकाईको भवन निर्माण गर्ने सन्दर्भमा उक्त क्षेत्र भौगोलिक र जनसंख्याको हिसाबले केन्द्र नभएता पनि उक्त क्षेत्रको बासिन्दाले सो क्षेत्रमा स्वास्थ्य इकाई बनाउन दबाब दिएको हुँदा, तत्काल सरोकारवालाहरुको आम भेला राखि स्वास्थ्यको कार्यविधि बमोजिम कार्य अघि बढाउने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-३

यूनाइटेड वर्ल्ड स्कुल्स्, नेपाल, सिद्ध कुमारी आ.वि. र पाथीभरा याङवरक गाउँपालिका बिच भएको विद्यालयको भवन निर्माण गर्ने सम्बन्धी त्रिपक्षीय सम्झौता अनुरुप सिद्ध कुमारी आ.वि. (सम्झौतामा दोस्रो पक्ष भनिएको) ले विद्यालयलाई आवश्यक पर्ने पर्याप्त जमिनको व्यवस्थापन तथा विद्यालयको भौतिक निर्माण तथा मर्मत गर्दा आवश्यक पर्ने काठ र जनश्रमदानको व्यावस्थापन गर्ने कुरा उल्लेख गरिएकोमा सिद्धकुमारी आ.वि.को आफ्नै निजी स्रोत नभएको साथै उक्त विद्यालय पनि यसै गाउँपालिका अन्तर्गत पर्ने भएकोले, विद्यालयले बेहोर्नु पर्ने देखिएको आर्थिक व्ययभार यस गाउँपालिकाको अन्य साझेदारी शिर्षकबाट व्ययभार हुने गरी भुक्तानी गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-४

यस गाउँपालिका अन्तर्गत रहेका ६ वटै वडाहरु कृषि सम्बन्धी सेवाहरु सहजरुपमा उपलब्ध गराउन वडा नं.-१, नाङखोल्याङ र वडा नं.-५, चाक्सीबोटेमा कृषि सेवा केन्द्र स्थापना गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-५

आ.व.०८१/०८२ मा स्वीकृत कार्यक्रम तथा आयोजनाहरु सञ्चालन गर्ने सन्दर्भमा सम्झौता लगायत भुक्तानीको प्रकृयाहरुमा समस्या देखिएको तथा सेवाग्राहीहरुले पनि यसबाट सास्ती खेप्नु परेको हुनाले तत्काल सो सम्वन्धमा योजना शाखा, प्राविधिक शाखा, वडा-सचिव र वडा प्राविधिकहरुलाई प्रशिक्षण गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-६

यस गाउँपालिकाबाट सञ्चालन हुने आयोजनाको पहिचान, छनौट तथा कार्यान्वयन गर्नको लागि सरोकारवालाहरुबाट आयोजना माग गरि दर्ता गर्ने, माग गरिएका आयोजनाहरु मध्येबाट आयोजना छनौट गर्नु पर्ने, छनौट भएका आयोजनालाई आयोजना बैंकमा समावेश गर्नुपर्ने र आयोजना बैंकमा समावेश भएका आयोजनालाई मात्र आगामी

बजेटमा समावेश गरी कार्यान्वयन गर्नको लागि आवश्यक ढाँचाको विकास गरी १५ दिनको सूचना आव्हान गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-७

यस गाउँपालिकाको आयोजना तथा कार्यक्रमहरुलाई व्यवस्थित गर्नको लागि तयार गरिएको पाथीभरा याङवरक गाउँपालिकाको अनुगमन तथा सुपरीवेक्षण कार्यविधि, २०८१ लाई आवश्यक संशोधनसहित पारित गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-८

पोखरा भ्याली टेक्निकल ट्रेनिङ इन्स्टिच्युट प्रा.लि., पोखराको मिति:२०८१/१२/१२ गतेको पत्रानुसार उक्त संस्थाले सञ्चालन गर्न लागेको तपसिल बमोजिमको नि:शुल्क खाना बस्नसहितको सीप मुलक तालीममा यस गाउँपालिकाबाट सहभागी छनौट गरी पठाउने सर्वसहमतिले निर्णय गरियो।

तपसिल:

| क.स | तालिमको विषय | अवधि | माग गरिएको संख्या | छनौट गरिएको वडा | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | ६ | |
| १ | सिकर्मी र सटरिङ्ग | ४ महिना | १२ | २ | २ | २ | २ | २ | २ | |
| २ | डकर्मी प्लम्बर र स्टिल फिक्चर | ४ महिना | १२ | २ | २ | २ | २ | २ | २ | |
| ३ | इलेक्ट्रोनिक तथा मोबाइल मर्मत | ४ महिना | २ | १ | ० | ० | ० | ० | १ | |
| ४ | बेसिक र एडभान्स इलेक्ट्रिकल | ६ महिना | २ | १ | १ | ० | ० | ० | ० | |

निर्णय नं.-९

आ.व.०८१/०८२ मा गाउँसभाबाट स्वीकृत तेल पिस्ने मेशिन खरिद कार्यक्रमबाट १ थान मेशिन खरिद गरि ६ नं. वडास्थित पाथीभरा आमा समूहलाई वितरण गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१०

चालु आ.व.०८१/०८२ मा सञ्चालन भई रहेको संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) केराबारी-डाँडागाउँ-पुर्णेडाँडा खानेपानी आयोजनाको ट्याङ्की लगायत अन्य पुर्वाधार निर्माण गर्ने क्रममा व्यक्तीहरुको निजी जग्गा पर्ने हुनाले उक्त जग्गाहरु प्रासीको लागि प्रकृया अघि बढाउने तथा वडा नं.-२ (साविक वडा नं.-९) को मान बहादुर सुनुवारको आर्थिक अवस्था कमजोर भएको साथै उहा हाल बसोबास गर्दै गर्नु भएको घर पहिरोको जोखिममा परेको हुनाले स्थानान्तरणको प्रकृया अघि बढाउने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-११

कञ्चनजंघा संरक्षण क्षेत्रको पर्या-पर्यटन विकास र प्रवर्द्धनको लागि विश्वको तेस्रो र नेपालको दोस्रो शिखर कञ्चनजङ्घा हिमालको सफल आरोहण भएको ७० औं वार्षिकीको अवसरमा कञ्चनजंघा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्, फक्ताङलुङ्ग-६, लेलेप, ताप्लेजुङको आयोजनामा मिति:२०८२/०१/०५ देखि ०७ गते सम्म सञ्चालन हुन गई

रहेको **"Kangchenjunga Platinum Jublee 2082"** महोत्सवलाई रु. १,००,०००।- (अक्षरेपी एक लाख मात्र।) अन्य खेलकुद शिर्षकबाट व्ययभार हुने गरी आर्थिक सहयोग गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१२

आगलागीको सिजन भएकोले गाउँपालिकाबाट सन्देश मुलक सूचना वेब साइट, फेसबुकबाट प्रवाह गर्ने साथै १ हप्ताको सूचना प्रवाह गर्नको लागि ताप्लेजुङ जिल्लामा भएका ३ वटा रेडियो स्टेशनहरुलाई पत्राचार गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१३

वडा नं.-२ मा सञ्चालनमा रहेको भालुखोप खानेपानी आयोजना विभिन्न ठाउँमा जिर्ण अवस्था भई हिउँद याममा खानेपानीको अभाव हुने भएको हुँदा, उक्त खानेपानी आयोजना मर्मत गर्नको लागि स्टिमेट तयार गरी प्रदेश खानेपानी मन्त्रालयमा योजना माग गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१४

यस गाउँपालिकामा युवा खेलाडीहरुको भलिबल प्रतिको मोह बढीरहेको साथै भलिबल खेलाडीहरुमा व्यवसायिकताको मानसिकता विकास भईरहेको पाइएकोले गाउँपालिकाभन्दा बाहिरको म्याचमा प्रथम या द्वितीय उपाधी हासिल गरी ट्रफी पालिकामा बुझाएमा गत विगत समयदेखि नै रु.५०,०००।– प्रोत्साहनस्वरुप उपलब्ध गरिएकोमा वडा नं.-३ तिरिङ्गेले १ पटक पहिलो स्थान हासिल गरि ट्रफी पालिकामा प्राप्त भएकोले उक्त टिमलाई यो बैठक बधाई तथा शुभकामना दिँदै सहभागी हुँदाको बखत लागेको खानाबास खर्च बापतको रकम रु. ५०,०००।–(अक्षरेपी पचास हजार मात्र।) अन्य खेलकुद शिर्षकबाट भुक्तानी दिने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१५

प्राविधिक स्टिमेट बमोजिम ३ नं. वडा, तिरिङ्गेले नवनिर्मित वडा कार्यालयको लागि निर्माण गरेको टेबल कुर्सीहरु फर्निचर तथा फिक्चर्स शिर्षकबाट व्ययभार हुने गरी भुक्तानी गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१६

यस गाउँपालिकाको ४ नं. वडा, डुम्रिसेमा रहेको गुरुङ खोरिया खानेपानी आयोजना सञ्चालन गर्ने क्रममा व्यक्तीको निजी जग्गा पर्ने हुनाले, उक्त जग्गा प्राप्तिको लागि प्रकृया अघि बढाउने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१७

यस कार्यालयमा निवेदन दिएका तपसिल बमोजिमका निवेदकलाई विपन्न नागरिक उपचार सहायता कोष व्ययभार हुनेगरी आर्थिक सहायता उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।

<u>तपसिल:</u>

| क्र.स. | निवेदकको नामथर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | गंगाराम गुरुङ | पाथीभरा याङवरक-१, ताप्लेजुङ। | २५०००।- | |
| २ | अकवर राई | पाथीभरा याङवरक-१, ताप्लेजुङ। | ३००००।- | |

| | | | | |
|---|---|---|---|---|
| ३ | शुरेस खिम्दिङ लिम्बु | पाथीभरा याङवरक-१, ताप्लेजुङ। | ५००० ।- | |
| ४ | विश्वराज थेवे | पाथीभरा याङवरक-६, ताप्लेजुङ। | ३०००० ।- | |
| ५ | टंक कुमारी कार्की | पाथीभरा याङवरक-१, ताप्लेजुङ। | ३०००० ।- | |
| ६ | मिक्खेमा लिम्बु | पाथीभरा याङवरक-१, ताप्लेजुङ। | ५०००० ।- | |
| ७ | हर्क सिंह लिम्बु | पाथीभरा याङवरक-२, ताप्लेजुङ। | ३०००० ।- | |
| ८ | चन्द्र महत | पाथीभरा याङवरक-४, ताप्लेजुङ। | २०००० ।- | |
| ९ | हेम कुमारी दर्जी | पाथीभरा याङवरक-४, ताप्लेजुङ। | १०००० ।- | |
| १० | चन्द्र प्रसाद खिम्दिङ | पाथीभरा याङवरक-१, ताप्लेजुङ। | ३०००० ।- | |
| ११ | सन्तोष रसाइली | पाथीभरा याङवरक-६, ताप्लेजुङ। | २०००० ।- | |
| १२ | खगीमाया तिवारी | पाथीभरा याङवरक-३, ताप्लेजुङ। | ५०००० ।- | |
| १३ | समर खिम्दिङ | पाथीभरा याङवरक-१, ताप्लेजुङ। | २०००० ।- | |
| १४ | अमित लिम्बु | पाथीभरा याङवरक-४, ताप्लेजुङ। | ३०००० ।- | |
| १५ | टेक बहादुर पौडेल | पाथीभरा याङवरक-३, ताप्लेजुङ। | १०००० ।- | |
| १६ | दुर्गा प्रसाद खतिवडा | पाथीभरा याङवरक-६, ताप्लेजुङ। | ३०००० ।- | |
| १७ | डिल्ली कुमार राई | पाथीभरा याङवरक-१, ताप्लेजुङ। | ३०००० ।- | |
| १८ | सरस्वता लिम्बु | पाथीभरा याङवरक-२, ताप्लेजुङ। | १०००० ।- | |
| १९ | इन्दिरा कार्की | पाथीभरा याङवरक-२, ताप्लेजुङ। | १०००० ।- | |
| २० | आसमोती लिम्बु | पाथीभरा याङवरक-५, ताप्लेजुङ। | २०००० ।- | |
| २१ | दिक्षा तिवारी | पाथीभरा याङवरक-२, ताप्लेजुङ। | १०००० ।- | |